**मिथिला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ढल्केवर, धनुषा**
**प्रदेश नं. २, नेपाल**

# शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

ठेक्का नं. १(स्वास्थ्य) वस्तु-०७७/०७८ सूचना प्रकाशित मिति : २०७८/०२/२२

यस कार्यालयको औषधि तथा सर्जिकल औषधि खरिद गर्न शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। इजाजत प्राप्त फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

१. योग्य दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजातहरु मिति २०७८/०२/२२ देखि २०७८/०३/०५ सम्म मिथिला नगरपालिका, राजस्व शाखाबाट रु १० को टिकट टाँसी लिखित निवेदन पेश गरि प्राप्त गर्न सक्नेछ। यस्तो निवेदनको साथमा निम्न कागजातहरु संलग्न गर्नु पर्नेछ।
   क. कम्पनी/फर्म दर्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपी।
   ख. मु.अ.करमा दर्ता भएको प्रमाण पत्र को प्रमाणित प्रतिलिपी।
   ग. आ.व.०७६/०७७ सम्मको कर चुक्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपी।
   घ. प्रोप्राइटर स्वयम उपस्थित हुन नसकेमा निजको अधिकारिक मञ्जुरीनामा पत्र।
   ङ. दरभाउपत्र सम्बन्धी कागजातको दस्तुर रु ३,०००।-(अक्षरेपी रु.तीन हजार) मात्र फिर्ता नहुने गरी बुझाएको नगदी रसिद।

२. शिलबन्दी गरिएको दरभाउपत्र मिति २०७८/०३/०६ गते दिनको १२:०० बजे भित्र बुझाउनु पर्नेछ। ढिलो गरी आएको प्राप्त दरभाउपत्र स्वीकार गरिने छैन।

३. तोकिएको समयभित्र पेश भएको दरभाउपत्रहरुको दरभाउपत्रदाता उपस्थित हुन चाहेमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा मिथिला नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, ढलकेवर, धनुषामा मिति २०७८/०२/०६ गते अपराहन २:०० बजे खोलिने छ। दरभाउपत्रको साथ रु ५०,०००।-(अक्षरेपी पचास हजार मात्र ) मिथिल नगरपालिका ढल्केवर धनुषा (कार्यालय कोड १७-३६५-१७) को माछापुच्छ्रे बैंक,ढल्केवर शाखामा रहेको धरौटी हिसाब नं.१००१५२४७९५८७१०७८ खातामा जम्मा गरेको सकल दोस्रो प्रति बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको रु ५०,०००।-(अक्षरेपी पचास हजार मात्र ) दरभाउपत्र जमानत वापत पेश गर्नु पर्नेछ र बैंकले यस त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्र खोलिने मितिबाट ९० दिन भएको हुनु पर्नेछ।

४. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने, र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु सोको भोलिपल्ट हुनेछन्। यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ।

५. कुनै वा सबै दरभाउपत्र पूरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरदीकर्तामा निहित रहनेछ।

६. दरभाउपत्र स्वीकृत गर्दा प्याकेजको रुपमा स्वीकृत गरिनेछ. Item wise दररेट कमिको लाई मान्य हुने छैन।

७. दरभाउपत्रमा कबोल गरेको मूल्य अभिवृद्धि कर बाहेकको दररेट अंक र अक्षर दुबैमा र नेपाली मुद्रमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट गरेको ठाँउमा दस्तखत गरेको हुनु पर्नेछ।

८. आपूर्ति गरिने औषधि तथा सर्जिकल सामाग्रीहरु WHO GMP Certified Company बाट उत्पादन भएको हुनु पर्नेछ। बोतलमा सप्लाई हुने औषधिहरु पलास्टिक बोटलमा हुनु पर्नेछ।

९. सप्लाई हुने औषधिहरु प्रत्येक प्याकिंगको बाहिर उत्पादन हुने मिति, Expiry date, Batch No तथा supply for ministry of heath (यो औषधि/सामान बिक्रीका लागि होईन) भन्ने लेखिएको हुनु पर्नेछ।

१०. कार्यालयका आपूर्ति गर्ने औषधिको ढुवानी तथा सबै कुराहरु दरभाउपत्रदाता स्वयमले बेहोर्नु पर्नेछ।

११. औषधि दाखिला हुन आँउदा सम्म औषधिको म्याद १८ महिना बाँकी हुनु पर्नेछ तर कुनै औषधिको म्याद १८ महिना भन्दा कम हुने अवस्थामा ७५% म्याद बाँकी हुंदा दाखिला गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

१३. दरभाउपत्र फाराममा प्रत्येक औषधि आइटमवाईज उत्पादन कम्पनी (WHO GMP Certified Company) को नाम अनिवार्य रुपले भर्नु पर्नेछ। प्रत्येक औषधिको नमूना शिलवन्दी गरि दरभाउपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। यसरी कम्पनीको नाम उल्लेख नभएको र नमूना पेश नभएको फर्म मान्य हुने छैन। सुई, धुलो तथा झोल औषधिहरु बाहेक अन्य सम्पूर्ण औषधिहरु स्ट्रीपमा आपूर्ति गर्नु पर्नेछ।

१४. दरभाउपत्रदाताले आपूर्ति गर्ने औषधि गुणस्तरयुक्त हुने व्यहोरा लिखित प्रतिबद्धता पत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। औषधि आपूर्ति गर्ने क्रममा औषधिहरुको गुणस्तर सम्बन्धमा संका लागेमा कार्यालयले गुणस्तर सम्बन्धी परिक्षण गराई मात्र औषधिको आपूर्ति लिईनेछ।

१५. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्रदाताले खरिद कार्यबाहीमा भाग लिदा अयोग्य नभएको प्रस्तावित खरिद कार्यबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

१६. विदेशी कम्पनीको औषधिहरुको हकमा औषधि व्यवस्था विभागको पैठारी सिफारिस भएको नोटरी पब्लिकबाट प्रमाणित भएको प्रतिलिपी पेश गर्नु पर्नेछ।

| क्र.स. | विवरण | मु.अ. कर सहित अंक | धरौटी रकम |
|---|---|---|---|
| १ | निशुल्क वितरणका लागि औषधि तथा सर्जिकल औषधिहरु | १९९९९९५.५८ | ५०,०००।- |

प्रमुख प्रशासकीय अधिकृत